


# AFL सबैका लागि खेल

AFL एउटा खेल मात्र होइन, यो एक रमाइलो, तपाईंको स्थानीय समुदायसँग बाँधिनका लागि अन्तरक्रियात्मक तरिका हो र यसबाट सबैका लागि केही न केही कुराहरू प्राप्त हुन्छ:

- समुदायहरूलाई एकसाथमा ल्याउने एक तरिका
- स्वास्थ्य र निरोगिता बढाउँदै नयाँ सीपहरू सिक्ने क्षमता
- आत्मविश्वास निर्माण गर्ने र नयाँ साथीहरू बनाउने अवसर
- कथाहरू सुनाउने, सँगै हाँस्न र सम्झनाहरू बनाउने ठाउँ

**तपाईं खेल हेर्न, खेल्न वा स्वयंसेवक बन्न चाहनुहुन्छ भने तपाईं कसरी संलग्न हुन सक्नुहुन्छ पत्ता लगाउनुहोस्... PLAY.AFL मा जानुहोस्**



## आफ्नो क्लब छान्नुहोस्!

हाम्रा सबै 18 क्लबहरू अद्‌त छन् र तपाईंको समर्थन मन पराउँछन्! यो छनौट गर्न गाह्रो हुन सक्छ, तर यहाँ तपाईंको क्लब छनोट गर्ने केही तरिकाहरू छन्:

- आफ्नो स्थानीय फुटबल क्लब छान्नुहोस्
- जर्सी (guernsey) को मनपर्ने रंग/डिजाइन
- मनपर्ने प्रतीक (mascot)
- टोली गीत



AFL टोली रंग

# कहाँ खेल्ने?

यहाँ सबै उमेरका लागि कार्यक्रम र प्रतियोगिताहरू छन्। आफ्नो नजिकको क्लब फेला पार्न र प्रत्यक्ष खेलको अनुभव लिन **play.afl/club-finder** मा जानुहोस्



आफ्नो नजिकको क्लब अनलाइनमा खोज्नुहोस्



## कहाँ हेर्ने?

AFL खेलहरू अष्ट्रेलियाभरका रंगशालाहरूमा खेलिन्छन् जसमा 100,000 दर्शकहरू अटाउन सक्ने प्रतिष्ठित MCG पनि पर्छ। वातावरण साँच्चै अचम्मको हुन्छ र सबैले केही न केही अनुभव गर्ने छ।

- यदि तपाईं प्रत्यक्ष खेल हेर्न जान सक्नुहुन्न भने, तपाईं अझै पनि टिभीमा प्रत्यक्ष हेर्न सक्नुहुन्छ
- हामीसँग एउटा एप पनि छ जहाँ तपाईं खेलहरू हेर्न सक्नुहुन्छ




टिभीमा AFL खेलहरू हेर्नुहोस्



AFL एप मार्फत खेलहरू हेर्नुहोस्

## सामुदायिक राजदूत कार्यक्रम

AFL सामुदायिक राजदूत बन्नुहोस् र आफ्नो समुदायलाई खेलकुदमा संलग्न गराउन मद्दत गर्नुहोस्। तपाईंले आफ्नो समुदाय र बृहत समाजको लागि महत्त्वपूर्ण योगदान दिनुहुनेछ।

यसका लाभहरू यस्ता हुनेछन्:

- खेलकुदको माध्यमबाट सकारात्मक सामुदायिक स्वास्थ्य परिणामहरूमा योगदान
- अन्तर-सांस्कृतिक र संचार कौशलता सुधार गर्ने अवसर
- AFL बहुसांस्कृतिक र आदिवासी जनजाति कार्यक्रमहरूको निरन्तर वृद्धिको लागि सुझावहरू प्रदान गर्ने
- व्यावसायिक विकास कार्यक्रमहरू र सुधारित रोजगारयोग्य सीप

आफ्नो स्थानीय क्लबलाई सम्पर्क गर्नुहोस् र पत्ता लगाउनुहोस् कि तपाईं कसरी फरक योगदान दिन सक्नुहुन्छ, वा थप जानकारीको लागि **play.afl** हेर्नुहोस्।

